**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जङ्गलमात्र होइन आसपासका वस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत ११ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 24 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २०५

## क्यासिनोका कारण नेपाली बिचल्लीमा, प्रहरीलाई रोकियो

प्रस, वीरगंज, १० चैत/

पर्सा र बाराका तारे होटलहरूमा सञ्चालित क्यासिनोहरू अहिले नेपाली ग्राहकको आडमा चलिरहेका छन् ।



नेपालीहरूलाई क्यासिनो प्रवेशमा रोक छ तर बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिकाको पाँचतारे होटल इच्छामा सञ्चालित स्माइल कलेक्सन प्रालि, पर्सा जिल्लाको वीरगंज महानगरमा रहेका क्लार्क रिसोर्ट, लड्र्स दियालोको किङ्स कलेक्सन प्रालि, सुरज होटलको एक इन्टरनेशनल र होटल भिस्वामा रहेको सिएमजी क्लब क्यासिनोमा जुवा खेल्ने अधिकांश नेपाली रहने गरेका छन् ।

नेपालीहरूलाई प्रवेश निषेध रहेका यी क्यासिनोहरूमा भारतीयलगायत विदेशीहरूले पहिचानपत्रसहित प्रवेश गर्न पाउने व्यवस्था छ। नेपाली वर्जित भएपनि क्यासिनो चलाउन नेपालीहरूलाई प्रवेश दिने गरिएको छ । अहिले यी क्यासिनोहरूका ग्राहकमा ८० प्रतिशतभन्दा बढी नेपाली हुने गरेको स्रोतको दाबी छ। पर्सा र बाराका क्यासिनोहरूमा नेपालीहरूको निर्बाध प्रवेश प्रहरी प्रशासनसँग लुकेको छैन ।

पर्सा प्रहरीका प्रमुख कुमोध ढुङ्गेलले पहिलो पत्रकार सम्मेलनमा क्यासिनोमा सुधार गरिने, नेपाली प्रवेशमा पूर्ण रोक लगाउने उद्घोष गरेका थिए। तर सोही दिन राति होटल भिस्वाको सिएमजी क्लब क्यासिनामा पर्सा प्रहरीलाई त्यहाँका बाउन्सरहरूले प्रवेश गर्न दिएनन् । क्यासिनो सञ्चालकले नेपालीहरूलाई चोरबाटोबाट बाहिर निकालेका थिए।

प्रहरीलाई रोकेपछि क्यासिनोका चारजना कर्मचारीलाई पक्राउ गरिएको थियो। प्रहरीलाई समेत प्रवेश गर्न नदिने गरी क्यासिनोहरू सञ्चालनमा छन् भने त्यसका सञ्चालकहरू कति शक्तिशाली छन् बारे प्रहरी प्रमुखलाई समेत जानकारी छैन । क्यासिनोहरूमा जुवा खेली धेरै नेपाली घरबारविहीन भएका छन् ।

पर्साका प्रउ ढुङ्गेललाई क्यासिनो बन्द गराउन अथवा नेपाली प्रवेशमा रोक लगाउन दिनहुँ दबाब बढ्दै गएको छ । लाखौं, करोडौं रुपैयाँ हारी थुप्रै नेपाली बिल्लबाठ भएका मौखिक उजूरीको प्रहरीमा चाङ छ ।

नेपालीलाई गैरकानूनी रूपमा प्रवेश गराउँदै आएका यहाँका क्यासिनोहरूले क्यासिनो सञ्चालनका लागि आधुनिक मेशीनबाट जुवा खेलाउनुपर्ने नियमावलीको पनि उल्लङ्घन गर्दै आएका छन् ।

क्यासिनोहरूमा अवैध तरीकाले तास पनि खेलाइन्छ । तासका खेलहरूमा फ्लास, किट्टी, म्यारिजलगायत रहने गरेको एकजना नेपाली ग्राहकले प्रतीकलाई जानकारी गराएको छ ।

बैंककर्मी, बीमाकर्मी र विभिन्न व्यापार–व्यवसायमा रहेका व्यक्तिहरूका साथै सरकारी कर्मचारीहरू र सर्वसाधारणहरूको अहिले क्यासिनोमा जुवा खेल्नु दैनिकी बनेको छ। क्यासिनोमा नेपालीहरूलाई प्रवेश नगराउन सम्बन्धित क्यासिनो सञ्चालकहरू जिम्मेवार हुनुपर्नेमा उनीहरूले नेपालीहरूलाई नै मुख्य ग्राहक बनाएका छन् ।

क्यासिनोमा प्रहरी, प्रशासनले प्रभावकारी अनुगमन नगरेकोमा प्रहरी, प्रशासनकै मिलेमतोमा नेपालीलाई सहज प्रवेशको वातावरण बनाएको आरोप लागेको छ ।

## चार महिलासहित ४८ जनाद्वारा रक्तदान




प्रस, वीरगंज, १० चैत/

सत्यसाइँ सेवा सङ्गठन नेपालको आयोजनामा शनिवार वीरगंजको घण्टाघरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले कार्यक्रममा चारजना महिलासहित ४८ जनाले रक्तदान गरेको बताए । उनले सरस्वती श्रेष्ठ, अस्मिता चौधरी, शिला चौरसिया, सुनीता कुमारी, दीपेश यादव, मनीष मोक्तान, गोविन्द चौरसिया, सुशम उपाध्याय, उमेश साह, विशाल थापा, सन्दीप सर्राफ, बलिराम पाण्डे, जगदीश चौहानलगायतको सहभागिता थियो ।

## पोखरियाको विकासका लागि काम गर्दैछु –नगरप्रमुख चौहान

दिनेश मिश्र, वीरगंज, ९ चैत/

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले पोखरिया नगरपालिकाको विकासका लागि आफू लागिपरेको मन्त्री बलिराम अधिकारी, एशियाली विकास बैंकका प्रमुख नरेश गिरीलगायतसँग छलफल गरेको बताए ।

उनले पोखरियाको विकासका लागि




तस्वीरः प्रतीक

बताएका छन् ।

नगरपालिकाले आयोजना गरेको होलीमिलन कार्यक्रममा नगरप्रमुख चौहानले एमालेको साथमा नयाँ समीकरणको सरकार गठन भएपछि आफू पोखरियाको विकासका लागि पार्टी अध्यक्ष केपी शर्मा ओली, उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, कृषिमन्त्री ज्वालाकुमारी साह, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण सबैले आश्वस्त पारेको जानकारी गराए। हामी पोखरियाको विकासका लागि निरन्तर प्रयासमा छौं, विकासको कुरा एकैपटक सम्भव पनि नहुने बताउँदै उनले आफूले गरेका वाचाहरू पूरा हुने बताए। उनले होली पर्वलाई सभ्य र भव्य तरीकाबाट मदिरारहित मनाउन आग्रह गरे ।

उनले आपसी भाइचारा, सद्भाव बनाएर कसैसँग वैमनस्यता नराखी रङ्गको पर्व होली मनाउन आग्रह गरे ।

कार्यक्रममा उपप्रमुख रूबी ठाकुर, निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तव, प्रशासन तथा योजना प्रमुख सञ्जय पाण्डे, शिक्षा शाखा प्रमुख विजय झा, वडाध्यक्ष, वडा सदस्य, कार्यपालिका सदस्य, कर्मचारीहरूको सहभागिता थियो।

## भारतमा सस्तो भएर बोइलर कुखुराको तस्करी बढ्दो

सुग्रीव साह, भिस्वा, १० चैत/

सशस्त्र प्रहरीले भारतबाट भित्रिएका



बोइलर कुखुरा नष्ट गरिँदै । तस्वीरः प्रतीक

बोइलर कुखुरा भिस्वा नाकाबाट बरामद गरेर नष्ट गरेको छ ।

भारतको सिकटाबाट ल्याएको ८० थान (२५० किलो) बोइलर कुखुरा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट भिस्वाले बरामद गरेको सशस्त्र प्रहरी भिस्वाका इन्चार्ज दीपकराज बस्नेतले बताए। उनले सरोकारवालाहरूको रोहबरमा बरामद बोइलर कुखुरा खाल्डो खनेर पुरी नष्ट गरिएको बताए ।

भारतको सिकटामा जिउँदो बोइलर कुखुरा प्रतिकिलो भारु ११० मा पाइन्छ। मासु भने भारु १५० प्रतिकिलोमा पाइन्छ । भिस्वाको बजारमा भारुमा कारोबार हुने गरेको छ र सिकटाभन्दा प्रतिकिलो भारु १० बढी लिएर बिक्री गरिन्छ । भारतीय बजारमा बोइलर कुखुरा नेपालभन्दा निकै सस्तोमा बिक्री हुँदै आएकोले त्यहाँ उत्पादित बोइलर कुखुरा चोरबाटो नेपाल भित्रिने गरेको हो। पर्साका अन्य पालिकाहरूमा बोइलर कुखुराको मासु प्रतिकिलो रु ३५० सम्म पर्छ। भारतमा प्रतिकिलो रु २४० मा पाइने हुनाले बोइलर कुखुरा र मासु भारतबाट तस्करी गरिन्छ ।

राति ठूलो परिमाणमा बोइलर कुखुरा तस्करी गरी नेपाल भित्रिने गरेको छ । सीमामा रहेका सशस्त्र र जनपद प्रहरीको मिलेमतोमा कुखुराको तस्करी हुँदै आएको छ। तर देखाउनका लागि भने बिहान सानातिना व्यापारीहरूले ल्याउने बोइलर कुखुरा बरामद गर्ने, मानिस र सवारीसाधन लेनदेनमा छाड्ने र बोइलर कुखुरालाई सरोकारवालाहरू राखेर नष्ट गर्ने गरिन्छ।

## मधेस प्रदेशको मन्त्रिपरिषद् विस्तार

प्रस, वीरगंज, १० चैत/

मधेस प्रदेशका मुख्यमन्त्री



सरोजकुमार यादवले शनिवार मन्त्रिपरिषद् विस्तार गरेका छन् ।

सत्ता समीकरण फेरिएपछि सरकारमा आएको एमालेका तर्फबाट तीनजना मन्त्री र एकजना राज्यमन्त्री थप गरी आज मुख्यमन्त्री यादवले मन्त्रिपरिषद् विस्तार गरेको उनको निजी सचिवालयले जनाएको छ ।

मन्त्रीहरूमा राजकुमार लेखी (गृह, सञ्चार तथा कानून), शत्रुघ्न सिंह (स्वास्थ्य तथा जनसङ्ख्या) र प्रमोदकुमार जयसवाल (शिक्षा तथा संस्कृति) छन् भने राज्यमन्त्रीमा केशव राय (स्वास्थ्य तथा जनसङ्ख्या) छन् ।

नवनियुक्त मन्त्रीहरूले आजै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीबाट पद तथा गोपनीयताको शपथ लिएका छन्। राज्यमन्त्री रायलाई भने मुख्यमन्त्री यादवले शपथ गराएका थिए ।

## ग्रामीण पत्रकारको आयोजनामा घैला फोड कार्यक्रम

प्रस, पोखरिया, १० चैत/

ग्रामीण पत्रकार समाज पर्सा र आकाश एफएमको आयोजनामा शनिवार



पोखरियामा होलीमिलन समारोह तथा घैला फोड कार्यक्रम सम्पन्न भएको छ ।

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले होलीमा घैला फोड कार्यक्रमले मधेसको संस्कृति र परम्परा झल्किने बताउँदै यसबाट छुट्टै किसिमको मनोरञ्जन हुने बताए। उनले पोखरियामा घैला फोड कार्यक्रम आफ्नो कार्यकालमा पहिलोचोटि गरिएको भन्दै आयोजकलाई धन्यवाद दिए। उनले यो कार्यक्रमलाई निरन्तरता प्रदान गर्ने आश्वासन पनि दिए ।

ग्रामीण पत्रकार समाज पर्साका अध्यक्ष धर्मेन्द्र चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वनगरप्रमुख दीपनारायण रौनियार, वडाध्यक्षहरू लछुमन साह कानू, नौशाद आलम, गोवर्धन यादव, आशादेवी चौहान, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

घैला फोड कार्यक्रममा ५२ जना सहभागी थिए भने १५ जनाले घैला फोडेका थिए र उनीहरूलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा सुदीप चौरसियाले स्वागत र सुरेन्द्र सिंहले सहजीकरण गरेका थिए।

फागु पूर्णिमा
(होली)को
अवसरमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, स्तम्भकार, लेखक, संवाददाता, पत्रिका वितरक एवं शुभेच्छुकहरूमा हार्दिक मङ्गलमय शुभकामना ।

*हाम्रो भेट चैत १५ गते बिहीवार हुनेछ।*

**प्रतीक दैनिक परिवार**

# अन्तर्राष्ट्रिय समाचार

## मस्कोमा आतङ्ककारी आक्रमणमा ६० जनाको मृत्यु

मस्को, १० चैत/सिन्हवा

मस्कोस्थित कन्सर्ट हल (क्रोकस सिटी हल)मा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा ६० जनाभन्दा बढीको मृत्यु हुनुका साथै १०० भन्दा बढी घाइते भएका अधिकारीहरूले शनिवार बताएका छन्।

शुक्रवार मस्कोको क्रोकस सिटी हलमा भएको आतङ्कवादी हमलामा ६० जनाभन्दा बढीको मृत्यु भएको रूसको अनुसन्धान समिति (आइसिआर)ले पुष्टि गरेको छ।

आतङ्कवादी आक्रमणका कारण ६० जनाभन्दा बढीको मृत्यु भएको प्रारम्भिक पुष्टि आइसिआरले गरेको हो। घाइतेहरूको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने आइसिआरले शनिवार बताएको छ।

आन्तरिक मामिला मन्त्रालय र सङ्घीय सुरक्षा सेवाको परिचालन एकाइहरूसँग आफ्ना अनुसन्धानकर्ताले मिलेर काम गरिरहेको आइसिआरले जनाएको छ।

मृतकको शवको जाँच भइरहेको छ भने अपराधस्थलबाट हतियार र गोलाबारुदसहितका सामग्री प्रमाणस्वरूप जफत गरिएको छ।

घटनास्थलमा रहेका आरआइए नोभोस्ती समाचार संस्थाका संवाददाताका अनुसार नकाबधारी आक्रमणकारीहरू शुक्रवार एक्कासि भवनभित्र पसेर गोली चलाउनुका साथै भीडमा विस्फोटक पदार्थ फ्याँकेका थिए।

मस्कोको उत्तरी क्रास्नोगोर्स्क उपनगरमा रहेको क्रोकस सिटी हलमा आक्रमणपछि धूवाँको मुस्लो भरिएको र त्यसपछि आगोको ज्वाला फैलिएको थियो।




आक्रमण हुँदा घटनास्थलमा पुगेका सङ्गीतकर्मी एलेक्सीले भने, "कन्सर्ट शुरू हुनुभन्दा केही समय पहिले एक्कासि गोली र भीडमा व्यापक कोलाहल सुनिएको थियो। होहल्लाको लगत्तै त्यहाँ स्वचालित हतियारबाट गोली चलाइएको थाहा भयो।"

उनले भने, "सम्भवतः यो रूसको इतिहासमा निकै विनाशकारी आतङ्ककारी आक्रमणमध्ये एक हो।"

मानिसहरू आपत्कालीन निकासतर्फ दौडिदै गर्दा कन्सर्टमा जानेहरू एकअर्काको टाउकोमा चढेर बाहिर निस्किएको उनले बताए।

रूसी समाचार संस्थाका अनुसार रूसको अनुसन्धान समितिले शनिवार ६० जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ।

रूसका स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोले पाँच बालबालिकासहित ११५ जनालाई अस्पताल भर्ना गरिएको र तीमध्ये एकजनाको अवस्था गम्भीर रहेको जानकारी दिए।

आक्रमणमा घाइते भएका ११० जना वयस्क व्यक्तिमध्ये ६० जनाको अवस्था गम्भीर छ।

राष्ट्रपति भ्लादिमिर पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले रूसी समाचार एजेन्सीहरूलाई अधिकारीहरूले आतङ्कवादी आक्रमणको अनुसन्धान शुरू गरेको बताएका छन्। राष्ट्रपति भ्लादिमिर पुटिनले आक्रमणपछि निरन्तर घटनाबारे जानकारी लिइरहेको बताइएको छ।

रूसको नेशनल गार्ड घटनास्थलमा रहेको र आक्रमणकारीको खोजी भइरहेको जनाइएको छ। एएफपीका एक संवाददाताले खोजी कुकुरसहित प्रहरी अधिकारीहरूले भवनको छेउमा पार्किङ गरिएका सवारीसाधनहरूको निरीक्षण गरिरहेको देखेको बताए।

इस्लामिक स्टेट समूहले आफ्ना लडाकूहरूले मस्कोको बाहिरी इलाकामा ठूलो जमघटमा आक्रमण गरेको र उनीहरू सकुशल आफ्नो अखडामा फर्किएको बताएको छ। रासस

## संयुक्त राष्ट्रसङ्घका प्रमुखले गाजा भ्रमण गर्ने

गाजा, १० चैत/एएफपी

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शनिवार गाजासँगको इजिप्टको सिमानाको भ्रमण गर्ने अपेक्षा गरिएको छ। महासचिव गुटेरेसको यो योजना इजरायलले अमेरिकाको समर्थनविना पनि नजीकैको शहर रफाहमा हमाससँग लड्न आफ्नो सेना पठाउने बताएपछि बनेको हो।

भ्रमणको क्रममा गुटेरेसको मानवीय युद्धविरामको आह्वान दोहोर्‍याउने योजना छ। नयाँ अन्तर्राष्ट्रिय दबाबले गाजाका अधिकांश जनसङ्ख्याले शरण लिएको रफाहमा अहिलेसम्म इजरायललाई नियोजित स्थल आक्रमणबाट रोक्न सफल भएको छ।

यस्तो कारबाईले व्यापक नागरिक हताहत हुने र क्षेत्रमा व्याप्त मानवीय सङ्कटलाई अझ बिगार्ने चेतावनीका बावजूद इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आक्रमणलाई अगाडि बढाउने बताएका छन्।

संयुक्त राज्य अमेरिकाको समर्थनमा त्यसो गर्ने आशा व्यक्त गर्दै आवश्यकताको आधारमा एक्लै लडाइँ गर्ने शुक्रवार इजरायल भ्रमणमा रहेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग नेतान्याहूले बताए।

लगभग पाँच महीनाको लडाइँ रोक्न अन्तर्राष्ट्रिय प्रयासहरू तीव्र भएका छन्। हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले शुक्रवारसम्म प्यालेस्टिनी क्षेत्रमा ३२ हजार ७० जनाको मृत्यु भएको र संयुक्त राष्ट्रसङ्घले आसन्न अनिकालको चेतावनी दिएको छ।

यो मानवनिर्मित प्रकोप भएको प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय एजेन्सी (युएनआरडब्लुए) का प्रमुख फिलिप लजारिनीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्। उनले युद्धविराम र गाजामा खाद्यान्न आपूर्ति जीवन बचाउने एकमात्र समाधान भएको बताए।

तत्काल युद्धविराममा सुरक्षा परिषद्को प्रस्तावको लागि पछिल्लो प्रयास शुक्रवार असफल भयो। चीन र रूसले अमेरिकी प्रस्तावलाई भिटो गरेका छन् भने यस सन्दर्भमा अरब सरकारहरूले असन्तुष्टि जनाएका छन्।

कूटनीतिक स्रोतहरूले शुरूमा शनिवारका लागि मतदानको योजना गरिएको कडा युद्धविराम प्रस्तावमा मतदान गर्न थप छलफलको लागि सोमवारसम्म स्थगित गरिएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — सुसमाचार | वृष — भयचिन्ता |
| मिथुन — राज्यलाभ | कर्कट — अतिथिआगमन |
| सिंह — सुयश | कन्या — अलमल |
| तुला — प्रसन्नता | वृश्चिक — सफलता |
| धनु — राज्यसुख | मकर — रोगभय |
| कुम्भ — व्यापारवृद्धि | मीन — शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



हाइब्रिड जातको मकैको घोगामा दाना नलागेपछि खाली घोगा देखाउँदै बाग्मती नगरपालिका-४ का किसान रामविश्वास महतो। बाग्मती र बरहथवा नगरपालिका क्षेत्रका धेरै क्षेत्रफलमा लगाइएको हाइब्रिड जातको मकैमा दाना लागेको छैन। तस्बिरः सिंगबहादुर थापा/रासस

## अझै तीन दिन पानी पर्ने पूर्वानुमान

काठमाडौं, १० चैत/रासस

कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशमा तीन दिनसम्म अझै वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

हाल पश्चिमी न्यून चापीय प्रणाली तथा भारतको उत्तरपूर्व आसाम र आसपासका क्षेत्रको न्यून चापीय प्रणालीको प्रभावले तीन दिनसम्म पानी पर्ने महाशाखाको पूर्वानुमान छ।

मौसमविद् गोविन्द झाका अनुसार देशभर आंशिकदेखि साधारणतया बदली रहेको तथा कोशी, बाग्मती र गण्डकी प्रदेशका केही स्थानमा तथा मधेस प्रदेशका एक/दुई स्थानमा मेघगर्जन, चटयाङसहित हल्का वर्षा भएको छ। "कोशी प्रदेशका केही स्थान, मधेस, बाग्मती र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जन, चटयाङसहित हल्का वर्षाको सम्भावना छ, बाग्मती प्रदेशका एक/दुई स्थानमा पनि सामान्य वर्षाको सम्भावना रहेको छ"–उनले भने–"कोशी, बाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेकोले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा असर पर्ने सम्भावना छ।"

## लगानी सम्मेलनमा भाग लिन विश्व बैंकका उपाध्यक्षलाई निमन्त्रण

काठमाडौं, १० चैत/रासस

अर्थमन्त्री वर्षमान पुनले आगामी वैशाख १६ र १७ गते काठमाडौंमा आयोजना हुनेगरी तयारी भइरहेको तेस्रो लगानी सम्मेलनमा भाग लिन विश्व बैंकका दक्षिण एशिया हेर्ने उपाध्यक्ष मार्टिन रेजरलाई निमन्त्रण गरेका छन्।

बिहीवार राति अर्थमन्त्री पुन र विश्व बैंकका उपाध्यक्षत्रय मार्टिन रेजर, आकिहिको निसिओ र ग्वान्झे चेनबीच भर्चुअल संवाद भएको थियो। उक्त संवादका क्रममा अर्थमन्त्री पुनले लगानी सम्मेलनमा भाग लिनका लागि निम्ता गरेका उनको सचिवालयले जनाएको छ।

उक्त संवादका क्रममा अर्थमन्त्री पुनले उनीहरूलाई औपचारिकरूपमा यसअघि नै निमन्त्रण पठाइसकिएको स्मरण गराउँदै लगानी सम्मेलन निर्देशक समिति अध्यक्षका हैसियतले व्यक्तिगतरूपमा पनि निम्तो दिएको बताएका थिए।

जवाफमा उपाध्यक्ष रेजरले निमन्त्रणका लागि धन्यवाद दिंदै नेपाल र विश्व बैंकबीचको विकास साझेदारीमा थप सहकार्यका क्षेत्रबारे कुराकानी गर्न इच्छुक रहेको बताएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ।

लगानी सम्मेलनका लागि आवश्यक कानूनी र प्रक्रियागत सुधारका काम अघि बढेको जानकारी अर्थमन्त्री पुनले गराएका थिए। सम्मेलनलाई नेपालले अवसरका रूपमा लिएको बताउँदै उनले विश्व बैंकसहित अन्य विकास साझेदारसँगको सहकार्य आगामी दिनमा अझ सुदृढ हुने विश्वास व्यक्त गरे।

**बजेट घाटा ...**

लाख बराबर वैदेशिक अनुदान उठाएको छ। जबकि सरकारको वार्षिक लक्ष्य हेर्दा कर राजस्वतर्फ रु १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख, गैरकर राजस्वतर्फ रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर उठाउने लक्ष्य छ।

चालू आवमा रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान सहायता लिने सरकारको योजना छ। फागुन मसान्तसम्मको कुल राजस्व असुली वार्षिक लक्ष्यको ४५ दशमलव ०८ प्रतिशत मात्रै छ। जसमध्ये कर राजस्व असुली ४४ दशमलव ३३, गैरकर राजस्व असुली ५१ दशमलव ५७ र वैदेशिक अनुदान प्राप्ति पाँच दशमलव ५२ प्रतिशत मात्रै हो।

चालू आवको सुरुआती आठ महीनामा वार्षिक लक्ष्यको आधा जति पनि राजस्व उठ्न नसकेको अवस्थामा बाँकी चार महीनाको अवधिमा उठ्ने राजस्वले कसरी वार्षिक लक्ष्य प्राप्ति हुन्छ भन्ने प्रश्न उठेको छ।

सरकारको आम्दानी मात्र नभई खर्चको अवस्था पनि निराशाजनक छ। चालू प्रकृतिको साधारण खर्च र सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्चको दायित्व बढिरहेको छ भने पूँजी सृजना गर्ने विकास खर्चमा उल्लेख्य सुधार देखिन सकेको छैन।

सरकारी खर्चको अवस्था हेर्दा दोस्रो त्रैमासिक अवधिसम्ममा चालूतर्फ वार्षिक लक्ष्यको ५० दशमलव ९८ प्रतिशत अर्थात् रु पाँच खर्ब ८२ अर्ब १० करोड ९९ लाख रहेको छ। पूँजीगततर्फ वार्षिक लक्ष्यको २६ दशमलव ८९ प्रतिशत अर्थात् रु ८१ अर्ब २१ करोड ४८ लाख बराबर खर्च भएको छ। यही अवधिमा वित्तीय व्यवस्था शीर्षकमा वार्षिक लक्ष्यको ४४ दशमलव ९७ प्रतिशत अर्थात् रु एक खर्ब ३८ अर्ब २५ करोड ८१ लाख बराबर खर्च भएको छ।

चालू आवका लागि लागि सरकारले चालूतर्फ रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख, पूँजीगततर्फ रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख र वित्तीय व्यवस्थातर्फ रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन गरेको थियो।

गत माघ अन्तिम साता मात्रै सरकारले चालू आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामार्फत राजस्व र खर्चको अनुमान घटाएको थियो। सुरुआती विनियोजित बजेटको ८७ दशमलव ३८ प्रतिशत अर्थात् रु १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख बराबर मात्रै बजेट खर्च गर्नेगरी संशोधित अनुमान तय गरिएको छ। सुरुआती विनियोजनको तुलनामा चालू शीर्षकमा ८८ दशमलव ८४, पूँजीगत शीर्षकमा ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा ८७ दशमलव ३९ प्रतिशत खर्च हुने अनुमान सरकारको छ।

सरकारको आम्दानी र खर्चमा असन्तुलन बढ्दै जाँदा सार्वजनिक ऋणको खाडल पनि बढ्दै गएको छ। घाटा बजेट पूर्तिका लागि सरकारले आन्तरिक र बाह्य ऋण लिने गर्छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आवको फागुन मसान्तसम्ममा नेपालको कुल सार्वजनिक ऋण रु २३ खर्ब ८८ अर्ब २६ करोड नाघेको छ। यो अवधिसम्ममा आन्तरिक ऋणको दायित्व रु ११ खर्ब ८५ अर्ब ८२ करोड बराबर छ भने बाह्य ऋणको दायित्व रु १२ खर्ब दुई अर्ब ७३ करोड बराबर छ। गत माघपछि नेपालको आन्तरिक ऋणभन्दा बाह्य ऋणको आकार बढी देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आवको आठमा महीनामा रु एक खर्ब ६६ अर्ब ५८ करोड बराबर सार्वजनिक ऋण थपिएको छ। गत असार मसान्तसम्ममा कुल सार्वजनिक ऋण रु २२ खर्ब २१ अर्ब ६७ करोड थियो। चालू आवको दोस्रो चौमासिक अवधिसम्ममा आन्तरिक ऋणको साँवा भुक्तानीमा रु एक खर्ब दुई अर्ब ९७ लाख र ब्याज भुक्तानीमा रु ४३ अर्ब ६७ करोड गरी कुल रु एक खर्ब ४६ अर्ब ६४ करोड बराबर खर्च भएको देखिन्छ। यही अवधिमा बाह्य ऋणको साँवामा रु २३ अर्ब छ करोड र ब्याजमा रु पाँच अर्ब ७९ करोड गरी कुल रु २८ अर्ब ८६ करोड बराबर खर्च भएको कार्यालयको विवरणमा उल्लेख छ।

सरकारको आम्दानी र खर्चको असन्तुलन तथा ऋणको चापसँगै वैदेशिक व्यापारमा देखिएको असन्तुलनमा पनि मुलुकको अर्थतन्त्रमा देखिएको मुख्य समस्या हो। भन्सार विभागको तथ्याङ्क अनुसार फागुन मसान्तसम्ममा मुलुकले कुल रु नौ खर्ब २९ अर्ब ६० करोड ५२ लाख ५५ हजार बराबर व्यापार घाटा बेहोरेको छ। कुल रु १० खर्ब ३० अर्ब २२ करोड २६ लाख बराबरको आयात हुँदा रु एक खर्ब ६१ करोड ७४ लाख बराबरको निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात दुई दशमलव ६६, निर्यात तीन दशमलव ९९ र व्यापार घाटा दुई दशमलव ५२ प्रतिशतले घटेको विभागले जनाएको छ।

# झाबराहा दुग्ध सहकारीको साधारणसभा

बलिराम शुक्ला, बिरुवागुठी, १० चैत/
पर्सागढी नगरपालिका–३ स्थित झाबराहा दुग्ध उत्पादक सहकारी संस्थाको शनिवार साधारणसभा सम्पन्न भएको छ।



संस्थाका अध्यक्ष योगेन्द्र कार्कीको अध्यक्षतामा भएको साधारणसभाको प्रदेशसभा सदस्य श्याम पटेलले उद्घाटन गरेका थिए। उनले किसानहरूले भोग्दै आएका समस्याबारेमा आफूले प्रदेशसभामा आवाज उठाएको बताए। उनले दूध खरीद नहुँदा किसानहरूलाई मर्का परेको र बिक्री गरेका किसानहरूले भुक्तानी नपाएको विषयलाई आफूले उठाउँदै आएको र यो समस्याको समाधान चाँडै बताए।

साधारणसभामा अध्यक्ष कार्कीले आय रु ३३ लाख ८५ हजार छ सय र खर्च रु ३३ लाख ४२ हजार नौ सय भएको त्रैमासिक प्रगति विवरण प्रस्तुत गरेका थिए। बन्दसत्रले योगेन्द्र कार्कीकै अध्यक्षतामा नयाँ सञ्चालक समिति चयन गरेको छ। समितिकी उपाध्यक्ष रञ्जु लामा, सचिव विदुर उप्रेती, कोषाध्यक्ष नारायणबहादुर कुँवरलगायत छन्।

कार्यक्रममा पर्सागढी नपाका पशु शाखा प्रमुख डा पुष्पेन्द्र साह, सहकारी प्रमुख खड्कबहादुर खत्री, अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष मीनबहादुर भण्डारी, सिमरा डेरी उद्योगका सञ्चालक सुदीप कँडेललगायतले साधारणसभा सफलताको कामना गरेका थिए।

कार्यक्रममा स्वागत हरि लामाले र सहजीकरण बलिराम शुक्लाले गरेका थिए।

# पोखरियामा बर्थिङ सेन्टर निर्माण हुँदै

दिनेश मिश्र, वीरगंज, ९ चैत/
पोखरिया नगरपालिका–१० मा बर्थिङ सेन्टरको प्रदेशसभा सदस्य प्रमोद जयसवालले बर्थिङ सेन्टर निर्माणपछि आसपासका गर्भवती महिलाहरूलाई सहज हुने बताए। आफ्नै टोलमा बर्थिङ सेन्टर हुँदा गर्भवती महिलालाई अन्यत्र लैजानुपर्ने समस्या नहुने बताए।



जयसवालले शिलान्यास गरेका छन्। रु २५ लाखको लागतमा छ कोठाको एक तले बर्थिङ सेन्टर निर्माण हुन लागेको हो। कार्यक्रममा प्रदेशसभा सदस्य

पोखरियामा बर्थिङ सेन्टर निर्माणका लागि बजेट विनियोजन गराएकोमा प्रदेशसभा सदस्य जयसवाललाई नगरप्रमुख प्रद्युम्न चौहानले धन्यवाद ज्ञापन गरे। उनले विकासका काममा स्थानीय तहको बजेट पर्याप्त नहुने बताउँदै सङ्घ र प्रदेश सरकारको पनि सहभागिता हुनुपर्ने बताए।

कार्यक्रममा एमाले नगर अध्यक्ष विन्ध्याञ्चल ठाकुर, वडाध्यक्ष नौशाद आलम, लक्ष्मण साह कानू, झोटीमहतो कम्कर, लालदेव, नुर मियाँको सहभागिता थियो।

# ग्लोबल मनि विकमा वीरगंजमा विभिन्न कार्यक्रम

प्रस, वीरगंज, १० चैत/
ग्लोबल मनि विकको अवसरमा स्टक ब्रोकर एशोसिएशन अफ नेपाल, मर्चेन्ट बैंकर एशोसिएशन अफ नेपाल, नेपाल उद्योग वाणिज्य महासङ्घ र वीरगंज पब्लिक कलेजको संयुक्त आयोजनामा वीरगंजमा चैत ८ र ९ गते दुई दिने इन्वेस्टिभल कार्यक्रम गरिएको थियो।




कार्यक्रमको उद्घाटन मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दीले गरेका थिए। कार्यक्रममा मधेस प्रदेश अन्तरकलेज कैपिटल मार्केट वादविवाद प्रतियोगिता, सेमिनार, फाइनान्सियल र्‍याली र सडक नाटक प्रस्तुत गरिएको बिपिसीका सहायक क्याम्पस प्रमुख अरविन्द श्रेष्ठले बताए।

घण्टाघरबाट फाइनान्सियल र्‍याली निकालेर माईस्थान मन्दिरमा पुगी सडक नाटक गरिएको थियो। सडक नाटकको उद्घाटन वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत शैलेन्द्र कुमारले गरेका थिए।

यसैगरी, मधेस प्रदेश अन्तरकलेज कैपिटल मार्केट वादविवाद प्रतियोगितामा मधेस प्रदेशका ३५ कलेज सहभागी थिए। प्रतियोगितामा वीरगंज पब्लिक कलेज प्रथम, हरि खेतान बहुमुखी क्याम्पस द्वितीय र ठाकुर राम बहुमुखी क्याम्पस तेस्रो भएको थियो।

कार्यक्रममा मधेस विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्य, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका पूर्वअध्यक्ष गणेश लाठलगायतको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## फागु पर्व सभ्यरूपमा मनाऔं

- आपसी सहमतिमा उल्लासपूर्वक फागु पर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागू पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## जीतपुरसिमरा क्रिकेट कपको उपाधि मकवानपुरलाई

प्रस, जीतपुर, १० चैत/
प्रथम जीतपुरसिमरा क्रिकेट कपको उपाधि मकवानपुर क्रिकेट सङ्घले जितेको छ। जीतपुरसिमरा–४ स्थित सेज क्रिकेट मैदानमा शनिवार सम्पन्न फाइनल खेलमा पर्सा क्रिकेट सङ्घलाई सात विकेटले पराजित गर्दै मकवानपुरले उपाधि उचालेको हो।

टस जितेर ब्याटिङ रोजेको पर्सालाई कम योगफलमा रोक्दै मकवानपुरले सानदार प्रदर्शन गरेको थियो। समूह 'ए'




विजेता बन्दै फाइनलमा प्रवेश गरेको पर्साले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सम्पूर्ण विकेट गुमाउँदै ९० रन जोडेको थियो।

पर्साका लागि सुरज पटेलले ४५ र हासिम अन्सारीले १० रन बनाउँदा अन्य ब्याटरले दोहोरो सङ्ख्यामा रन बनाउन सकेनन्। पर्सालाई सस्तैमा रोक्ने क्रममा मकवानपुरका असीम श्रेष्ठले तीन, पियुश शर्माले दुई, विशाल फुयाँल र रोहित ठाकुरले समान एक/एक विकेट लिए।

पर्साले दिएको ९१ रनको लक्ष्य मकवानपुरका तक्षक सिम्खडाले ३०, विशाल फुयाँलले १५ र सक्षम बस्ताकोटीले अविजित १४ रन बनाए। पर्साका लागि सम्साद मन्सुरीले तीन विकेट लिएका थिए।

उपाधि विजेता मकवानपुरले एक लाख प्राप्त गरेको छ भने उपविजेता पर्साले ५० हजार नगद पाएको छ। यसैगरी, मकवानपुरका शुभ कंसाकार 'प्लेयर अफ दी टुर्नामेन्ट' र बेस्टर ब्याटर घोषित भएका छन् भने खुकुरी क्रिकेट क्लब भैरहवाका सन्तोष यादव बेस्ट बलर घोषित भए। फाइनल खेलको 'प्लेयर अफ दी म्याच'को पुरस्कार मकवानपुरका विशाल फुयाँलले प्राप्त गरे।

विजेता तथा उपविजेता खेलाडीलाई पूर्व युवा तथा खेलकूद मन्त्री एवं संविधानसभा सदस्य पुरुषोत्तम पौडेल, संविधानसभा सदस्य जयराम दाहाल, मधेस प्रदेशसभा सदस्य देवनारायण चौधरी, नेकपा एमाले मधेस प्रदेश सचिव मनोज पौडेललगायतले पुरस्कार वितरण गरेका थिए।

समापन समारोहमा आयोजकले सिमरा महिला क्रिकेट क्लबका पूर्वप्रशिक्षक विष्णु लामिछानेसहित महिला क्रिकेटर, सिमरा क्रिकेट क्लबका पूर्व कप्तान नाजिर हुसेनलाई सम्मानित गरेको थियो।

अभियान नेपालको आयोजना र जीतपुरसिमरा उपमहानगरपालिकाको सहयोगमा आयोजित प्रतियोगितामा छवटा टीमले सहभागिता जनाएका थिए।

## साबिक विजेता युनाइटेडले जित्यो परवानीपुर गोल्पकपको उपाधि

राधेश्याम पटेल, परवानीपुर, १० चैत/
तेस्रो परवानीपुर गोल्डकपको उपाधि वीरगंज युनाइटेड क्लबले जितेको छ। शनिवार परवानीपुर खेलमैदानमा सम्पन्न फाइनल खेलमा वीरगंजले टाइब्रेकरमा ४–३ गोलअन्तरले हेटौंडा फूटबल एकेडेमीलाई पराजित गर्दै उपाधि जितेको हो। यसअघि निर्धारित डेढ घण्टाको खेलमा १–१ गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। खेलको ३०औं मिनेटमा वीरगंज युनाइटेडका जर्सी नं ( का उदितनारायण चौधरीले पहिलो गोल गर्दै फाइनल खेलमा आफ्नो टीमलाई अग्रता दिलाएका थिए। तर खेलको ८५औं मिनेटमा हेटौंडाका जर्सी नम्बर ३ का सकिल गुरुङले गोल गर्दै खेललाई बराबरीमा पुऱ्याए। टाइब्रेकरमा हेटौंडाका पाँचजना खेलाडीमध्ये तीनजनाले मात्र गोल गर्न सके भने एउटा प्रहार पोस्टबाहिर गएको थियो भने अर्को गोल वीरगंजका गोलकीपरले रोकेका थिए।

त्यसैगरी, वीरगंजका पाँचजना खेलाडीमध्ये एकजनाको गोल पोस्टबाहिर गएको थियो भने चारजनाले गोल गरेका थिए।




फाइनल खेलमा उत्कृष्ट खेलाडी हेटौंडाका सकिल गुरुङ घोषित भए। उनले नगद पाँच हजारसहित मेडल र प्रमाणपत्र पाए। त्यसैगरी, प्रतियोगिताको उत्कृष्ट खेलाडी वीरगंज युनाइटेडका अमर डङ्गोलले एक लाख मूल्य पर्ने विद्युतीय स्कूटर प्राप्त गरे भने प्रतियोगिताको उत्कृष्ट गोलकर्ता वीरगंज युनाइटेडका उदितनारायण चौधरी, उत्कृष्ट मिडफिल्डर विपिन दुम्सिङ मगर, उत्कृष्ट डिफेन्डर सञ्जय चौधरी र उत्कृष्ट गोलकीपर दिलमणि चौधरी घोषित भए। सबैले नगद पाँच हजारसहित मेडल र प्रमाणपत्र पाए। विजेतालाई परवानीपुर गापाका अध्यक्ष रामक्षेत्रीप्रसाद कुर्मीले ट्रफी र दुई लाख रुपैयाँको चेक हस्तान्तरण गरेका थिए भने उपविजेता हेटौंडा फूटबल एकेडेमीलाई वीरगंज–२१ का अध्यक्ष राधाकृष्ण रौनियार र नागमणि उपाध्यायले संयुक्तरूपमा ट्रफी र एक लाखको रुपैयाँ चेक हस्तान्तरण गरेका थिए। प्रतियोगिता संयोजक सुबोधकुमार श्रीवास्तवको अध्यक्षतामा सम्पन्न पुरस्कार समारोहमा लिपनीबिर्ताका पूर्वअध्यक्षद्वय जतनराउत कुर्मी र सदनराउत कुर्मीलगायतको सहभागिता थियो।